# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं फागुन ११ गते, २०७१ साल (संख्या ३९

## भाग ५

नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

नेपाल सरकारले विक्रम सम्वत् २०७२ साल वैशाख १ गतेदेखि २०७२ साल चैत्र मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालयहरूलाई देहाय बमोजिमको सार्वजनिक, पर्व एवं सट्टा विदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेको छ।

१. वर्षभरिका शनिवार विदा :

| | | | |
|---|---|---|---|
| (क) | वैशाख - ५,१२,१९,२६ (४ दिन) | (ख) | जेठ - २,९,१६,२३,३० (५ दिन) |
| (ग) | असार - ५,१२,१९,२६ (४ दिन) | (घ) | साउन - २,९,१६,२३,३० (५ दिन) |
| (ङ) | भदौ - ५,१२,१९,२६ (४ दिन) | (च) | आश्विन- २,९,१६,२३,३० (५ दिन) |
| (छ) | कात्तिक - ७,१४,२१,२८ (४ दिन) | (ज) | मङ्सिर - ५,१२,१९,२६ (४ दिन) |
| (झ) | पौष - ४,११,१८,२५ (४ दिन) | (ञ) | माघ - २,९,१६,२३ (४ दिन) |
| (ट) | फाल्गुन - १,८,१५,२२,२९ (५ दिन) | (ठ) | चैत्र - ६,१३,२०,२७ (४ दिन) |

जम्मा : ५२ दिन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. पर्व विदाहरु :

(क) नववर्ष, वैशाख १ गते मंगलबार ।

(ख) किराँत राई लिम्वू जातिको उभौली पर्व - चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), बैशाख २१ गते सोमबार।

(ग) जनै पूर्णिमा, रक्षावन्धन (ऋषि तर्पणी) भदौ १२ गते शनिबार ।

(घ) गौरापर्व भदौ १९ गते शनिबार ।

(ङ) इस्लाम धर्मावलम्वीहरूको पर्व ईद (इदुल्ल फित्र) का दिन ।

(च) छठ पर्व मङ्सिर १ गते मंगलबार ।

(छ) इस्लाम धर्मावलम्वीहरूको पर्व बकर ईद (इदुल जोहा) का दिन ।

(ज) किराँत जातिको उधौली पर्व, योमरी पुन्हि-ज्यापु दिवस (मङ्सिर पूर्णिमा,धान्य पूर्णिमा) पौष १० गते शुक्रबार ।

(झ) इसाई धर्मावलम्वीहरूको पर्व क्रिसमस डे, (डिसेम्बर २५ तारिख) पौष १० गते शुक्रबार ।

(ञ) तमूल्होसार पौष १५ गते बुधबार ।

(ट) माघी पर्व (थारु/मगर/छन्त्याल जातिको राष्ट्रिय पर्व) माघ १ गते शुक्रबार ।

(ठ) सोनमल्होसार माघ २६ गते मंगलबार ।

(ड) महाशिवरात्री, फाल्गुन २४ गते सोमबार ।

(ढ) अन्तर्राष्ट्रिय महिला दिवस, (मार्च ८) फाल्गुन २५ गते मंगलबार ।

(ण) हिमाली आदिवासी शेर्पाहरूले मनाउने ग्याल्बो लोसार फाल्गुन २६ गते बुधबार ।

(त) फागुपूर्णिमा, चैत्र ९ गते मंगलबार र देहायका जिल्लाहरूमा चैत्र १० गते बुधबार ।



४०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्लाहरूको नाम

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | झापा | ६. | उदयपुर | ११. | बारा | १६. | दाङ |
| २. | मोरङ्ग | ७. | धनुषा | १२. | पर्सा | १७. | बाँके |
| ३. | सुनसरी | ८. | महोत्तरी | १३. | नवलपरासी | १८. | बर्दिया |
| ४. | सप्तरी | ९. | सर्लाही | १४. | रुपन्देही | १९. | कैलाली |
| ५ | सिरहा | १०. | रौतहट | १५. | कपिलवस्तु | २०. | कञ्चनपुर |

(थ) सिरुवा पावनी पर्वका दिन त्यस्तो पर्व मनाउने झापा,मोरङ्ग,सुनसरी, सिराहा र सप्तरी जिल्लामा ।

(द) धवथाम्वु छेउँचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरूमा स्थानीय विदा ।

३. **महिला कर्मचारीहरूको लागि मात्र :**

(क) हरितालिका (तीज), भदौ ३० गते बुधबार ।

(ख) ऋषि पञ्चमी, असोज १ गते शुक्रबार ।

(ग) जितिया पर्व असोज १८ गते सोमबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरूको लागि) ।

४. **शिक्षण संस्थाहरूको लागि मात्र :**

(क) वसन्त पञ्चमी, फागुन १ गते शनिबार ।

५. **जात्रा विदा (काठमाडौं उपत्यकालाई मात्र) :**

(क) गाईजात्रा, भदौ १३ गते आइतबार ।

(ख) इन्द्रजात्रा, असोज १० गते आइतबार ।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन )

(घ) घोडेजात्रा चैत्र २५ गते विहिबार ।

६. **दशैं विदा :**

(क) घटस्थापना, आश्विन २६ गते मंगलबार ।

(ख) कात्तिक ३ गते मंगलबारदेखि कात्तिक ७ गते शनिबार- सम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

(ग) कोजाग्रत पूर्णिमा, कात्तिक ९ गते सोमबार ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **तिहार विदा :**

(क) लक्ष्मीपूजा, कात्तिक २५ गते बुधबार ।

(ख) गोवर्धन पूजा, म्हपूजा, नेपाल सम्वत् कात्तिक २६ गते विहिबार ।

(ग) भाइटीका, कात्तिक २७ गते शुक्रबार ।

८. **दिवस विदा :**

(क) लोकतन्त्र दिवस, बैशाख ११ गते शुक्रबार ।

(ख) विश्व मजदुर दिवस, (मे १) बैशाख १८ गते शुक्रबार ।

(ग) गणतन्त्र दिवस, जेठ १५ गते शुक्रबार ।

(घ) निजामती सेवा दिवस, भदौ २२ गते मंगलबार (विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत समेत निजामती कर्मचारी, अदालत तथा संवैधानिक निकायका कर्मचारीहरूलाई मात्र)

(ङ) अन्तर्राष्ट्रिय अपाङ्ग दिवस, (डिसेम्वर ३) मङ्सिर १७ गते विहिबार (नेपाल भित्रका सम्पूर्ण अपाङ्ग कर्मचारीहरूको लागि) ।

(च) शहीद दिवस, माघ १६ गते शनिबार ।

(छ) राष्ट्रिय प्रजातन्त्र दिवस, फाल्गुन ७ गते शुक्रबार ।

९. **जन्म जयन्ती विदा :**

(क) बुद्ध जयन्ती, बैशाख २१ गते सोमबार ।

(ख) श्रीकृष्ण जन्माष्टमी, भदौ १९ गते शनिबार ।

(ग) गुरु नानक जयन्ती मङ्सिर ९ गते बुधबार (नेपाली सिख धर्मावलम्वी सरकारी कर्मचारीहरूका लागि) ।

१०. **विदेश स्थित नेपाली नियोगहरूले सम्वन्धित मुलुकका सार्वजनिक विदाहरूलाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक विदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२११

११. **सट्टा विदा :**

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर व्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, नेपाल सरकार मुद्रण विभाग, हुलाक, आकाशवाणी आदि जस्ता रोजना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक विदाका दिनमा समेत काम काज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयहरूमा दैनिक काम नरोकिने गरी सार्वजनिक विदाका दिन काम गरेवापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा विदा वस्न पाइने ।

१२. **कार्यालय हाजिर हुने र छुट्ने समय :**

(क) नेपाल राज्यभरका सवै सरकारी कार्यालयहरूमा शुक्रवार बाहेक माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ५:०० बजे छुट्ने र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ४:०० बजे छुट्ने ।

(ख) शुक्रबारको दिन विहान १०:०० बजे हाजिर भई अपरान्ह ३:०० बजे छुट्ने ।

**द्रष्टव्य :**

(क) "आधा दिन" भन्नाले कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि दिनको १:०० वजे र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म दिनको १.३० वजेसम्म सम्झनु पर्छ ।

(ख) सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा असर नपर्ने गरी कार्यालय समयको १ बजेदेखि २ वजेसम्म खाजा खाने समय कायम गरिएको छ ।

आज्ञाले,

**सूर्यप्रसाद सिलवाल**

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

गो.हु.द.नं. १६।०६२।६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।